# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, फोन नं.०१-४१११८९५/५३२०९१३/५९०९६१२

## २१ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७९/११/२९ गते)

यस वित्तीय संस्थाको मिति २०७९ फाल्गुन १८ गते बसेको सञ्चालक समितिको ४६२ औं बैठकको निर्णयानुसार संस्थाको २१ औं वार्षिक साधारणसभामा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

(१) मिति : २०७९ चैत्र १० गते (March 24, 2023) शुक्रबार

(२) समय : बिहान ११:०० बजे ।

(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर ।

**छलफलका विषयहरु :**

(क) सामान्य प्रस्ताव :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) आ.व. २०७८/०७९ को लागि नियुक्त लेखापरीक्षक CA. Sujan Kumar Kafle, Sujan Kafle and Associates को सट्टामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(५) बमोजिम CA. Laba Kumar Khatri लाई उक्त आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गरी सम्बन्धित निकायमा जानकारी गराउने भनी सञ्चालक समितिको मिति २०७९/०५/२८ को बैठकबाट गरिएको निर्णय अनुमोदन गर्ने ।

(४) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७९/८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(५) यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनका लागि चुक्ता पुँजीको १.३६८४२१०५३ प्रतिशतले हुने नगद लाभांश रु. २,१४,०७,७६६/८० वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(६) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) को कार्यकाल थप गर्ने सम्बन्धमा सञ्चालक समितिको मिति २०७९/३/५ को निर्णय अनुमोदन गर्ने ।

(७) सञ्चालक समितिको म्याद थप सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. वित्तीय संस्थाको अधिकृत पुँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अर्ब मात्र) मा वृद्धि गरी रु. ५,००,००,००,०००।- (अक्षरेपी पाँच अर्ब मात्र) कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा आवश्यक संशोधन गर्ने ।

२. यस वित्तीय संस्थाको आ.व. २०७८/०७९ को मुनाफाबाट चुक्ता पुँजी रु. १,५६,४४,१३,७२७/६० को २६ प्रतिशतले हुने रु. ४०,६७,४७,५६९/१८ बराबरीको बोनस शेयर वितरण गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने र कुल चुक्ता तथा जारी पुँजी रु. १,९७,११,६१,२९६/७८ कायम गरी सो सम्बन्धी प्रबन्धपत्रका दफाहरुमा भएको व्यवस्था संसोधन गर्ने ।

३. "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (संशोधित २०७५) को विनियम ५ को उपविनियम (१) मा भएको व्यवस्था बमोजिम यस वित्तीय संस्थाको आगामी साधारण सभाबाट अनुमोदन प्राप्त गर्ने गरी सञ्चालक समितिको मिति २०७९/३/२७ को निर्णयबाट यस वित्तीय संस्था र अन्य उपयुक्त वित्तीय संस्था वा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग समझदारीपत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गर्ने/गराउने, शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने/गाभिने वा प्राप्त गर्ने सम्बन्धमा अन्तिम सम्झौता गर्ने लगायत भए गरेका सम्पूर्ण कार्यको अनुमोदन गर्ने तथा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा बाँकी रहेका सम्पूर्ण आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मूल्याङ्कनकर्ता SAR Associates को नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्रारम्भिक समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायत गाभ्ने/गाभिने प्रक्रियाका सिलसिलामा भए गरेका निर्णय तथा सम्पूर्ण काम कारबाहीहरुलाई अनुमोदन गर्ने ।

५. साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने प्रयोजनका लागि मूल्याङ्कनकर्ता SAR Associates बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मूल्य समेतका विषयहरुको आधारमा आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरुलाई ०.८७ कित्ता (१:०.८७) शेयर प्रदान गर्ने गरी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) गर्न स्वीकृति प्रदान गर्ने ।

६. साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (Merger) सम्बन्धमा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको नाम, उद्देश्य, कार्य, पुँजी, सञ्चालक समितिको संरचना लगायतका सम्बन्धित अन्य आवश्यक दफाहरु समेतमा संशोधन गर्ने, उक्त संशोधनलाई नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने/गराउने सो क्रममा भए गरेका काम कारवाहीका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

७. आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको वित्तीय विवरणको अनुसूची ४.३५.१ (Office Administration Expenses) मा उल्लिखित खर्च रु. ७०,२७,०९७।६९ कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,

**कम्पनी सचिव**

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

**नोट :** वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी एवम् कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को संक्षिप्त वार्षिक आर्थिक विवरण मिति २०७९ फाल्गुन १९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा यस वित्तीय संस्थाको website : www.skbbl.com.np मा हेर्न सकिनेछ ।